# अध्याय एक

# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

भाव र विचार विनिमयका क्रममा जीवनलाई गतिशील बनाउनका साथै साहित्य, साहित्येतर ज्ञान विज्ञानको उचाइसम्म पुऱ्याउने काम भाषाले गर्दछ । त्यसैले भाषा स्तरीय, सुबोध्य, मानक बनाउनका लागि वाक्यगठन आवश्यक देखिन्छ । किनकि वाक्य भाषाको महत्त्वपूर्ण अङ्ग हो । वाक्यका आधारभूत तत्त्वहरू लिङ्ग, वचन, पुरुष, आदर, पक्ष, वाच्य, काल आदिका आधारमा वाक्य मिलाउन वा बनाउन सक्ने क्षमता नै वाक्यगठन क्षमता भनिन्छ । तसर्थ विद्यार्थीहरूमा ती तत्त्वहरूका आधारमा वाक्यगठन गर्न सक्ने क्षमता तथा तत्सम्बन्धी ज्ञान हुन जरुरी छ । भाषालाई व्यवस्थित, सान्दर्भिक र अर्थयुक्त बनाउने काम वाक्यगठनले गर्दछ (अधिकारी, २०७३) । त्यसैले वाक्यगठन विना अर्थको अनर्थ हुनाका साथै वाक्य प्रयोगयोग्य नहुन सक्छ ।

प्रस्तुत शोधशीर्षक काभ्रे जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । जसमा विद्यार्थीहरूको वाक्यगठन क्षमता के कस्तो रहेको छ भन्ने कुरा अनुसन्धानको मुख्य विषयको रूपमा रहेको छ । मातृभाषाको प्रभाव, लैङ्गिकताको प्रभाव, विद्यालयको प्रकृतिको आधार जस्ता विविध कारणले नेपाली भाषा शुद्ध बोल्न र लेख्न नसकेको अवस्था भेट्न सकिन्छ । यस परिप्रेक्ष्यमा नेपाली भाषाको शुद्ध एवम् स्तरीय सीप सिकेर भाषिक परिष्कार र शुद्धतामा सहयोग पुऱ्याउन वाक्यगठन शिक्षण आवश्यक देखिन्छ । अरू विभिन्न जिल्लाका र काभ्रे जिल्लाकै अन्य कक्षामा विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन भएको भए पनि काभ्रे जिल्लाका कक्षा सातमा

अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत अध्ययन नवीन हुने अपेक्षा गरिएको छ ।

## समस्याकथन

कुनै पनि क्षेत्रको अनुसन्धानात्मक कार्य आफैँमा जटिल र चुनौतीपूर्ण कार्य हो । अनुसन्धानका निम्ति छनोट गरिएको विषयवस्तु समस्यामूलक हुनुपर्ने देखिन्छ । मानवीय भावना अभिव्यक्त गर्ने सबैभन्दा उपयुक्त साधन भाषा हो भने भाषालाई जीवन्तता दिने कार्य शब्दले गर्दछ । शब्दहरूको उपयुक्त उनाइबाट वाक्य बन्ने गर्दछ । अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनका लागि निश्चित उद्देश्य र सीमा भित्र रहेर अगाडि बढ्न सकेमा मात्र शोधकार्य सहज र प्रभावकारी हुन्छ ।

प्रस्तुत शोधकार्य काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन आधार बनाइएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो । तसर्थ यी विविधताले युक्त विद्यार्थीहरूको वाक्यगठन क्षमता एउटै नहुन सक्छ । विद्यार्थीहरूमा व्याकरणिक धारणाको विकास गराउन र ग्रहण गरेको ज्ञानलाई उपयुक्त ढङ्गले अभिव्यक्त गर्न वाक्यगठन सीपको आवश्यकता पर्दछ । काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता कस्तो छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमतामा के-कस्तो भिन्नता पाइन्छ ?

(ग) लैङ्गिक आधारमा उक्त कक्षाका विद्यार्थीहरूको वाक्यगठन क्षमता के-कस्तो छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको वाक्यगठन क्षमता के-कस्तो छ ?

## शोधकार्यको उद्देश्य

कुनै पनि शोधकार्य गर्दा त्यसको उद्देश्यहरू स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्दछ । कुनै पनि अध्ययन निश्चित उद्देश्यका आधारमा अगाडि बढाउने गरिन्छ । समस्याकथनमा आएका समस्याहरूको समाधानमा नै उद्देश्य केन्द्रित रहेको हुन्छ । प्रस्तुत शोधकार्य काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्न निम्न उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्नु,

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्नु,

(ग) लैङ्गिकताका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्नु,

(घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्नु ।

## अध्ययनको औचित्य

भाषा विचार विनिमयको माध्यम हुनाका साथै यो बोध र अभिव्यक्तिको सशक्त माध्यम पनि हो । भाषाको प्रयोग समाजमा हुने भएकाले समाजमा उपयुक्त र सुबोध्य भाषा बोल्न सक्नु आवश्यक देखिन्छ । शब्द भाषाको केन्द्रीय तत्त्व हो । शब्दबाट नै वाक्य निर्माण हुने गर्दछ । उपयुक्त ठाउँमा उपयुक्त शब्द प्रयोग गर्न सक्ने क्षमता विद्यार्थीहरूमा भए मात्र भाषा शिक्षणको औचित्य पूरा भएको मान्न सकिन्छ । नेपाली भाषालाई स्तरीयता प्रदान गर्न, अभिव्यक्ति क्षमता वृद्धि गर्न उपयुक्त वाक्यगठन प्रक्रियामा जोड दिन आवश्यक छ । यस

अध्ययनमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त वाक्यगठनको लिङ्ग, वचन, पुरुष, आदर, काल, वाच्य आदि विविध तत्त्वसम्बन्धी व्याकरणिक कोटिका आधारमा वाक्यगठन गर्ने क्षमता पहिल्याएको हुनाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ । प्रस्तुत अध्ययनको औचित्यलाई निम्न बुँदामा उल्लेख गरिएको छ :

(क) विद्यार्थीहरूले नेपाली भाषा लेखनमा वाक्यगठन क्षमताको अध्ययनबाट उनीहरूको वाक्यगठन क्षमताको पहिचान हुन्छ । त्यसका आधारमा उनीहरूलाई सुधारात्मक उपायहरू प्रदान गर्न उपयोगी रहेको छ ।

(ख) नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्नेहरूलाई भाषा प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

(ग) यसको अध्ययनले कक्षा सातमा अध्ययन गरेका विद्यार्थीहरूलाई मात्र नभई शिक्षक, प्रशिक्षक, पाठ्यपुस्तक, निर्माता, विषय विशेषज्ञ आदिलाई लाभान्वित हुने भएकाले यस अध्ययन औचित्यपूर्ण रहेको छ ।

## शोधकार्यको परिसीमा

शोध शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सो को किटानी गर्नुलाई शोधकार्यको परिसीमा भनिन्छ (पोखरेल, २०७४) । शोधकार्यको क्षेत्र र सीमा स्पष्ट बनाई शोधकार्य व्यवस्थित किसिमले अगाडि बढाइएको छ । उद्देश्य किटान गरिसकेपछि उक्त उद्देश्य प्राप्त गर्न कुन कुन कुरामा अध्ययन बढाउने भन्ने कुरा परिसीमामा तोकिएको छ । शोधकार्यका क्रममा सम्पूर्ण विषयलाई समेट्न कठिन हुँदा अध्ययनको व्यापकता र गहिराइमा सीमित गर्नुपर्ने हुन्छ । त्यसैले वाक्यगठन क्षमताको अध्ययन गर्दा निम्नानुसार परिसीमन गरिएको छ :

(क) प्रस्तुत अध्ययन कक्षा सातको विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन काभ्रे जिल्लाका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयमा मात्र केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन सामुदायिक विद्यालयका ४० जना र संस्थागत विद्यालयका ४० जना विद्यार्थी गरी जम्मा ८० जना विद्यार्थीमा केन्द्रित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीको वाक्यगठन क्षमतालाई विद्यालय प्रकृति, लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा मात्र विश्लेषण गरिएको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको पुनरावलोकन

शोधकार्य गर्दा सम्बन्धित विषयमा भएका कामहरूको बारेमा अध्ययन गर्नु पर्दछ । अनुसन्धानकर्ताले त्यसपूर्व के कति कार्यहरू भएका छन् र के कति हुन बाँकी छ भन्ने कुराको जानकारीका लागि पूर्वकार्यको पुनरावलोकन गर्नुपर्दछ । पूर्वकार्यको पुनरावलोकनबाट सम्बन्धित विषयमा के कस्ता निष्कर्ष आएको छ, उद्देश्य कस्ता छन्, कुन विधिको प्रयोग गरी अनुसन्धान गरिएको छ भन्ने कुराको जानकारी प्राप्त हुन्छ (पोखरेल, २०७४) । अतः पूर्वकार्यको पुनरावलोकनले अध्ययन कार्यलाई दिशा निर्देश गर्दछ ।

प्रस्तुत शोधकार्य काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषाको वाक्यगठन क्षमता अध्ययन कार्य सम्पन्न गर्नका लागि निम्नलिखित पूर्वकार्यहरूको पुनरावलोकन गरिएको छ :

घिमिरे (२०६९) द्वारा *मैथिलीभाषी मुसहर विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । कक्षा सातमा अध्ययनरत मैथिलीभाषी मुसहर विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू पहिचान गर्न, स्तरीय नेपाली वाक्यगठन गर्दा त्रुटिहरूको कारण पत्ता लगाउन जस्ता उद्देश्यहरू पूरा गर्न उक्त शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनबाट मुसहर भाषामा लिङ्ग अनुसार क्रियापदमा भेद नहुने, वचन अनुरूप क्रियापदको प्रयोग नभएको काल र पुरुषमा पनि प्रशस्त त्रुटि निष्कर्षमा निकालिएको पाइन्छ । प्रस्तुत शोधपत्र तयार पार्दा त्रुटि पहिचानका लागि प्रश्नपत्र निर्माणमा उक्त शोधपत्रले सहयोग पुऱ्याएको छ ।

धिताल (२०७१) द्वारा *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यको उद्देश्य वाक्यगठनमा गर्ने त्रुटि पहिचान गर्ने, छात्रा वा छात्रबिच र संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरू बिच वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्ने रहेको छ । क्षेत्रीय अध्ययन विधि र नमुना छनोट विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरिएको छ । उक्त शोधकार्यको प्राप्तिका रूपमा छात्रभन्दा छात्रा र संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थी कमजोर रहेको निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न पुऱ्याएको छ ।

पौडेल (२०७१) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यको उद्देश्य वाक्यगठन क्षमताको पहिचान, त्रुटि क्षेत्र पहिचान, लिङ्गगत त्रुटि र भाषिक त्रुटिको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त अध्ययनमा सर्वेक्षण विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थी, छात्राभन्दा छात्रको वाक्यठन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनमा विधिको छनोट गर्न उक्त शोधपत्रको सहयोग प्राप्त भएको छ ।

भुसाल (२०७१) द्वारा *भाषाविज्ञान* शीर्षकको पुस्तक तयार गरिएको छ । यस पुस्तकमा 'वाक्य' को परिचयअन्तर्गत वाक्यमा एउटा उद्देश्य र एउटा विधेय खण्ड रहने कुरा उल्लेख भएको पाइन्छ । वाक्यका प्रकारहरूमा संरचनाका दृष्टिले सरल र जटिल, आर्थी दृष्टिले सामान्यार्थक, प्रश्नार्थक, इच्छार्थक, आज्ञार्थक, सम्भावनार्थक, सङ्केतार्थक, अनुमेयार्थक र आकृतिका दृष्टिले योगात्मक र अयोगात्मक हुने कुरा चर्चा गरिएको पाइन्छ ।

यस ग्रन्थबाट वाक्यसम्बन्धी सैद्धान्तिक अवधारणा लिन सकिन्छ । प्रस्तुत अध्ययनमा उक्त ग्रन्थबाट वाक्यगठनका सैद्धान्तिक अवधारणाबारे उल्लेख गर्न सहयोग पुगेको छ ।

शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* शीर्षकमा व्याकरण पाठ्यसामग्री तयार गरेको देखिन्छ । यस ग्रन्थमा वाक्यका विभिन्न परिभाषाहरू र वाक्यको परिचय प्रस्तुत भएको पाइन्छ । यसमा संरचनाका दृष्टिले वाक्यका दुई प्रकार सरल र जटिल रहने कुरा उल्लेख छन् । जटिल वाक्यअन्तर्गत पनि संयुक्त वाक्य र मिश्र वाक्य रहेका छन् । वाक्यगठनका आधारभूत पक्षहरू काल, भाव, पक्ष, वाच्य, ध्रुवीयता, आदिको बारेमा विस्तृत रूपमा चर्चा  गरेको पाइन्छ । उक्त ग्रन्थबाट प्रस्तुत अध्ययनमा वाक्यका परिचय र प्रकारको बारे चर्चा गर्न सहयोग पुगेको छ ।

देवकोटा (२०७२) द्वारा *नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको भिन्नता पहिल्याउनु, वाक्यगठन क्षमता वृद्धिका उपायहरू सुझाउनु उद्देश्य रहेको छ । उक्त शोधकार्यमा प्रतिनिधि नमुना छनोट, क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । विद्यार्थीहरूको वस्तुगत प्रश्नमा व्याकरणिक कोटिअन्तर्गत पक्षगत क्षमता र स्वतन्त्र लेखन क्षमतामा अत्यन्त कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनबाट नमुना छनोट गर्न, वस्तुगत प्रश्नमा व्याकरणिक कोटिहरुको समावेश गर्न प्रस्तुत अध्ययनले सहयोग पुगेको छ ।

पाठक (२०७२) द्वारा *डोटी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको भाषिक क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार तयार पारिएको छ । विद्यार्थीहरूको

व्याकरणिक कोटिका आधारमा वाक्यगठन क्षमता पहिचान गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा वाक्यगठन क्षमताको तुलनात्मक विश्लेषण गर्नु, वाक्यगठनगत त्रुटिहरूको पहिचान गरी  सुधारका लागि आवश्यक उपायहरू सुझाउनु उद्देश्य रहेको छ । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । विद्यार्थीहरूको भाषिक क्षमताअन्तर्गत वाक्यगठन क्षमता सामान्य रहेको, सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू भाषिक सीप क्षमता उच्च रहेको र छात्रको तुलनामा छात्रको भाषिक सीप क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनबाट छात्र र छात्रा र विद्यालयका प्रकृतिका आधारमा तुलना गर्ने तरिका प्राप्त गर्न सहयोग पुगेको छ ।

अधिकारी (२०७३) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता, लैङ्गिकता र विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु उक्त शोधकार्यको उद्देश्य रहेको छ भने सर्वेक्षण विधि, प्रयोग गरिएको पाइन्छ । उक्त शोधको अन्त्यमा विद्यार्थीहरू वाक्यगठनका तत्त्वअन्तर्गत आदरको प्रयोगमा अत्यन्त कमजोर र लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष भन्ने समग्रमा राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त अध्ययनबाट विधिको छनोट, व्याकरणिक कोटिलाई प्रश्नपत्रमा समावेश गर्ने तरिका प्राप्त गर्न उपयोगी रहेको छ ।

अधिकारी (२०७३) द्वारा *इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । शोधकार्यको उद्देश्य इलाम जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गर्नु र लैङ्गिक र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक

अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्य गर्दा मूलतः सर्वेक्षण विधिमा आधारित भएर ग रेको र समग्र विद्यार्थीको वस्तुगत प्रश्नमा आदर, काल र कारक राम्रो नपाइएको तथा स्वतन्त्र लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालेको पाइन्छ । यस शोधपत्रको अध्यनबाट विद्यार्थीको तुलनात्मक अध्ययन गर्न कस्ता कस्ता प्रश्नहरू समावेश गर्नु पर्ने भन्ने कुराको जानकारी लिन सहयोग पुगेको छ ।

घिमिरे (२०७३) द्वारा *काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्र काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृतिका आधारमा र लैङ्गिक आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नुमा केन्द्रित रहेको देखिन्छ । उक्त शोधपत्र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी समग्रमा विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यम रहेको निष्कर्ष निकाली सम्पन्न गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा विधिको छनोट गर्न, समग्र विद्यार्थीहरुको वाक्यगठन क्षमताको पहिचान गर्न उपयोगी रहेको छ ।

जोशी (२०७३) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गर्नु, लैङ्गिकता र विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू समावेश गरिएको पाइन्छ । यसैगरी उक्त शोधकार्य पूरा गर्नका लागि पुस्तकालयीय अध्ययन प्रक्रिया, क्षेत्रीय अध्ययन विधि, नमुना सर्वेक्षण विधि जस्ता विधि तथा प्रक्रियाहरू अपनाई अन्त्यमा समग्र र मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन

क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधपत्रले प्रस्तुत अध्ययनमा प्रश्नपत्र निर्माण गर्न, उद्देश्य छनोट गर्न, विधि चयन गर्न आदिमा उपयोगी देखिन्छ ।

न्यौपाने र अन्य (२०७३) द्वारा *सामान्य भाषाविज्ञान* शीर्षकमा पाठ्यसामग्री तयार गरेको देखिन्छ । यस ग्रन्थमा वाक्यको परिचय दिने क्रममा वाक्य भाषाको सबभन्दा उपल्लो एकाइ हो । यसमा एउटा अभिव्यक्तिको पूर्णता रहेको कुरा उल्लेख भएको पाइन्छ । यसका साथै वाक्यको प्रकारअन्तर्गत अर्थतात्विक आधारमा वाक्यलाई सामान्यार्थ, प्रश्नार्थ, विध्यर्थ, सम्भावनार्थ आदि भागमा विभाजन गरी अध्ययन गर्न सक्ने कुरा प्रस्तुत भएको छ । उक्त ग्रन्थ प्रस्तुत अध्ययनमा सैद्धान्तिक अवधारणाअन्तर्गत वाक्यको प्रकारका बारेमा चर्चा ग र्न सहयोगी भएको छ ।

बोहरा (२०७३) द्वारा *कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीको वाक्यगठन क्षमता पत्ता लगाउनु, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा सो कक्षाको विद्यार्थीको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु उद्देश्य रहेको छ । शोधपत्रमा लिङ्ग, वचन, पुरुष, आदर, काल, वाक्य र पक्ष वाक्यगठनका तत्त्वहरूमा वाच्यगत पक्षमा बढी कमजोर र लिङ्गगत पक्षमा बढी सबल रहेको निष्कर्ष निकालेको पाइन्छ । उक्त शोधपत्र अध्ययन गर्दा क्षेत्रीय अध्ययन विधि पुस्तकालयीय विधि, नमुना सर्वेक्षण विधिको प्रयोग गरेको पाइन्छ । उक्त अध्ययनबाट तथ्यको बारे विस्तृत चर्चा गर्न, शोधपत्रको उद्देश्य छनोट गर्न सहयोग प्राप्त भएको छ ।

अधिकारी (२०७५) द्वारा *समसामयिक नेपाली व्याकरण* शीर्षकको ग्रन्थ तयार गरिएको छ । यस ग्रन्थमा वाक्यको अर्थका आधारमा र संरचनाका आधारमा प्रकारहरू स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ । यसका साथै वाक्यगठनका आधारभूत तत्त्वहरू काल, भाव,

पक्ष, आदर, पुरुष आदिलाई पनि सविस्तार चर्चा गरिएको छ । यस ग्रन्थबाट वाक्यका प्रकार, वाक्यगठनका आधारभूत तत्त्वहरूको बारे ज्ञान प्राप्त गर्दै लाभ लिन सक्ने देखिन्छ ।

भट्टराई र ढुङ्गेल (२०७५) द्वारा *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* शीर्षकमा व्याकरणको पाठ्यसामग्री तयार पारेको देखिन्छ । यस ग्रन्थमा नेपाली भाषाका व्याकरणसम्बन्धी विभिन्न पक्षहरूको सविस्तार चर्चा गरिएको छ । विद्यालय तहको पठनपाठनका लागि तयार पारिएको यस पुस्तकमा व्याकरण र अभिव्यक्ति गरी दुई खण्ड रहेका छन् । यसअन्तर्गत वाक्यसम्बन्धी वाक्यान्तरण, वाक्य संश्लेषण, वाक्य विश्लेषण, वाक्यका प्रकारहरूबारे सोदाहरण चर्चा गरेको पाइन्छ । तसर्थ प्रस्तुत अध्ययनमा यस सामग्रीबाट पर्याप्त लाभ लिन सक्ने देखिन्छ ।

उल्लिखित पूर्वकार्यहरूको पुनरावलोकन गर्दा लैङ्गिक आधारमा वाक्यगठन क्षमताको अध्ययन, विद्यालयको प्रकृतिको आधारमा वाक्यगठन क्षमताको अध्ययनलाई विशेष जोड दिएको पाइयो भने भाषिक पृष्ठभूमिका आधारमा भने विद्यार्थीको वाक्यगठन क्षमताको तुलना गरेको पाइएन । त्यसकारण प्रस्तुत शोधमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ ।

**पूर्वकार्य पुनरावलोकनको उपादेयता**

शोधकार्य गर्नुपूर्व व्यक्तिगत र संस्थागत रूपमा भएका र हुन बाँकी भएका कार्यको पुनरावलोकन गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । पूर्वकार्यको पुनरावलोकनले अनुसन्धानको समस्या पहिचान विश्लेषण, शीर्षक चयन, प्रयोजन, उद्देश्य, अनुसन्धानको प्रकृति अनुसारको विधिको चयन लगायत निष्कर्षको चर्चा गर्न समेत सहयोग गर्दछ ( पोखरेल, २०७४) । यस अध्ययनका क्रममा विभिन्न पुस्तक, शोधपत्र आदिको पुनरावलोकन

गरिएको छ । यसबाट उद्देश्य निर्धारण, शीर्षक, विधिको चयन, समस्याको पहिचान तथा विश्लेषण जस्ता कार्य गर्नमा सहयोग पुगेको छ ।

## सैद्धान्तिक अवधारणा

भाषा मानव विचार विनिमयको सशक्त माध्यम हो । भाषाको उत्पादन र प्रयोग दुबै समाजबाट हुन्छ । त्यसैले मानव विचार विनिमय, समस्याको आवश्यकता परिपूर्ति, सांस्कृतिकको हस्तान्तरणका लागि उपयुक्त, मानक, स्तरीय भाषाको प्रयोग गरिनु आवश्यक देखिन्छ । भाषा प्रयोगमा वाक्यगठन मिलेन भने यसले आवश्यक अर्थ प्रदान गर्न सक्दैन । तसर्थ भाषाको स्तरीय र मानक प्रयोगका लागि वाक्यगठनका पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाक्य, ध्रुवीयता आदिको सङ्गतियुक्त प्रयोग हुन आवश्यक हुन्छ ।

## वाक्यको परिचय

उपवाक्यभन्दा ठूलो वा माथिल्लो व्याकरणात्मक संरचना वा एकाइलाई वाक्य भनिन्छ (शर्मा, २०७१) । पदावली भन्दा ठूलो सङ्कथनभन्दा सानो भाषिक एकाइलाई वाक्य मानिन्छ । वाक्यको संरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू आएका हुन्छन् । यस्ता उपवाक्यले कथनको एक अंशलाई पूरा गराउँछ । त्यसैले एउटा पूरा कुरा बुझाउने भाषाको सबैभन्दा माथिल्लो एकाइलाई वाक्य भनिन्छ । तसर्थः एउटा समष्टिगत भाव व्यक्त गर्ने सार्थक शब्दहरूको समूहलाई वाक्य मान्न सकिन्छ । लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, आदर, कारक, वाच्य, करण आदिलाई वाक्यको आधारभूत तत्त्वको रूपमा लिने गरेको पाइन्छ । तसर्थ एउटा वाक्य पूर्ण, अर्थयुक्त र स्तरीय बनाउनका लागि यी तत्त्वहरूलाई ध्यान दिनु आवश्यक देखिन्छ ।

वाक्य भाषिक संरचनाको सबैभन्दा ठूलो सार्थक एकाइ हो । पूरा अर्थ दिने भाषिक एकाइ नै वाक्य हो । त्यसैले एउटा पूरा अर्थ वा कुरा बुझाउने भाषाको सबैभन्दा माथिल्लो

एकाइलाई वाक्य भनिन्छ । वाक्यमा एक वा एकभन्दा बढी उपवाक्य रहेका हुन्छन् । यो एक किसिमको पूर्ण संरचना हो जसको स्वतन्त्र अर्थ र अस्तित्व हुन्छ (भुसाल, २०७१) । एउटा वाक्यमा पद, पदावली, उपवाक्य जस्ता अंशहरू सङ्गतिपूर्ण रूपमा समावेश भएका हुन्छन् । जस्तैः

वाक्य : ऊ मेहनती, छ, परीक्षामा पास, हुन्छ ।

उपवाक्य : ऊ मेहनती छ । परीक्षामा पास हुन्छ ।

पदावली : मेहनती छ, पास हुन्छ ।

पद : ऊ, मेहनती छ, परीक्षा, पास हुन्छ ।

वाक्यको संरचनामा एउटा उद्देश्य र एउटा विधेय खण्ड रहेको हुन्छ । जसलाई पूर्ण वाक्य भनिन्छ । यद्यपि यी दुई खण्डमध्ये एउटा मात्र खण्ड रहेको वाक्यलाई अपूर्ण वाक्य भनिन्छ । जस्तैः

**पूर्ण वाक्य**

राम घर जान्छ ।

↓ ↓

उद्देश्य विधेय

**अपूर्ण वाक्य**

घर जान्छ ।

↓

विधेय

यस उदाहरणमध्ये पहिलो उदाहरणमा को के काम गर्छ भन्ने स्पष्ट खुलाएको छ भने दोस्रो उदाहरणमा कसले घर जाने काम गर्छ भन्ने स्पष्ट नभएकाले पहिलो उदाहरण पूर्ण वाक्य र दोस्रो उदाहरणलाई अपूर्ण वाक्य मान्न सकिन्छ ।

**वाक्यका प्रकार**

वाक्यको संरचना अथवा बनोट उपवाक्यबाट हुन्छ, तसर्थ उपवाक्यको सङ्ख्या र किसिमका आधारमा वाक्यको प्रकार छुट्याइन्छ (शर्मा, २०७१) । वाक्यको संरचनामा रहने उपवाक्यको सङ्ख्या (एक वा एकभन्दा बढी उपवाक्य) र उपवाक्यको किसिम (स्वतन्त्र र आश्रित उपवाक्य) का आधारमा वाक्यको प्रकार छुट्याइन्छ ।

(क) **संरचनाका आधारमा वाक्य**

संरचनाका आधारमा वाक्यलाई सरल र जटिल गरी दुई भागमा वर्गीकरण गर्न गरिन्छ, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :




(अ) **सरल वाक्य**

एउटै मात्र स्वतन्त्र उपवपाक्य रहने व्याकरणात्मक एकाइलाई सरल वाक्य भनिन्छ । यसलाई मूल वाक्य वा आधारभूत वाक्य पनि भन्दछन् (शर्मा, २०७१) । यसमा वाक्यको समापक भएर एउटा क्रियापद आउने हुन्छ । अन्य क्रियाहरू मुख्य क्रियाको सहायक भई आउन सक्छन् (अधिकारी, २०७५) । जस्तैः

- रामले स्याउ खायो ।
- रामले स्याउ कपाकप खाइसक्यो ।

यदि वाक्यमा समापिका क्रियाका साथै एक वाक्यभन्दा बढी असमापिका क्रियाहरू छुट्टाछुट्टै अवधारणा समेत लिई प्रयोगमा आएका हुन्छन् भने त्यस्तो वाक्य सरल नभई जटिल हुन्छ तर परम्परागत व्याकरणमा भने जतिसुकै असमापिका क्रियामा पनि एउटा मात्र समापिका क्रिया प्रयोग भएको छ भने त्यस्तो वाक्यलाई सरल नै भन्ने गरिन्छ (अधिकारी, २०७५) । जस्तैः

- हरि घर गएर हिजो फर्कियो ।

माथिका उदाहरणलाई टुक्र्याएर दुई उपवाक्यमा देखाउन सकिन्छ : हरि घर गयो । हरि हिजो फर्कियो । यी वाक्यहरूमा दुई फरक अवधारणालाई जनाउने उपववाक्यहरूको संयोजन भएको छ । त्यसैले यस किसिमको वाक्यहरूलाई सरल वाक्य मानिँदैन ।

(आ) **जटिल वाक्य**

दुई वा दुईभन्दा बढी उद्देश्य र विधेय खण्ड हुने वाक्यलाई जटिल वाक्य भनिन्छ । संरचनाका दृष्टिले जटिल वाक्य संयुक्त र मिश्र गरी दुई प्रकारका छन् (शर्मा, २०६९):

(१) **संयुक्त वाक्य**

दुई वा दुईभन्दा बढी परस्पर समान र स्वतन्त्र वाक्य मिलेर बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । जहाँ निरपेक्ष संयोजकले ती वाक्यहरू जोडिएको हुन्छ भने कहिलेकाहीँ लुप्त योजकले पनि जोड्ने काम गर्दछ (शर्मा, २०७१) । जस्तैः

उदाहरण १

सूर्य उदायो र गर्मी हुन थाल्यो ।

स्वउ स्वउ

निरपेक्ष योजक - र

उदाहरण २

सूर्य उदायो गर्मी हुन थाल्यो

स्वउ स्वउ

लुप्त योजक - र

उदाहरण १ मा स्वउ + स्वउ - संयुक्त वाक्यको संरचना निरपेक्ष योजक (र) को प्रयोगबाट भएको छ (स्वउ + योजक (र) + स्वउ) $\Rightarrow$ संयुक्त वाक्य ।

उदाहरण २ मा स्वउ + स्वउ - संयुक्त वाक्यको संरचनामा योजक अनुपस्थितमा पनि त्यस वाक्यलाई उदाहरण (१) मा जस्तै योजकको आपूर्ति गर्दा निरपेक्ष संयोजक (र) स्वतः देखिन्छ । उपर्युक्त दुबै खाले संयोजन भएका वाक्य नेपाली संयुक्त वाक्य हुन् ।

यस्ता वाक्यमा निरपेक्ष योजक र लुप्त योजक जुनसुकै खालको प्रयोग भए पनि यी तथ्यहरू समान खालका स्वतन्त्र उपवाक्यहरूको संयोजक हो । संयुक्त वाक्यमा प्रयुक्त उपवाक्यहरू एक अर्कामा आश्रित वा अधीन नभई स्वतन्त्र रूपमा रहेका हुन्छन् ।

## २. मिश्र वाक्य

एउटा स्वतन्त्र वा मुख्य उपवाक्य एक वा एकभन्दा बढी आश्रित वा अधिन उपवाक्य मिलेर बनेको जटिल खालको वाक्यलाई मिश्र वाक्य भनिन्छ । यसमा भएका मुख्य उपवाक्य र अधिन उपवाक्य खण्डलाई एक आपसमा जोड्न सापेक्ष संयोजकको प्रयोग गरिन्छ । मिश्र

वाक्य असमान एकाइहरूको सम्बन्धन हो । यसमा एकाइहरू समान हुँदैनन्, एउटा प्रमुख उपवाक्य हुन्छ र अर्को एकाइ आश्रित उपवाक्य हुन्छ (शर्मा, २०७१) । जहाँ एउटा वाक्य र अर्को वाक्यको सम्बन्ध सापेक्ष संयोजकले जनाउँछ । जस्तैः

- जो राष्ट्रवादी छ त्यसले देशको उन्नति गर्छ ।

माथिका उदाहरणमा सम्बन्धवाचक सापेक्ष संयोजक (जो .... त्यसले) ले असमान उपवाक्यहरूको सम्बन्धन गरी सिङ्गो वाक्यको निर्माण गएको छ । यसरी असमान उपवाक्यहरूको सम्बन्धनबाट सिङ्गो वाक्य बनाउने यो प्रक्रिया मिश्र वाक्यको खास पहिचान हो ।

(ख) **अर्थका आधारमा वाक्य**

अर्थका आधारमा वाक्यलाई निम्न रूपमा वर्गीकरण गरिएको छ :

(अ) **सामान्यार्थक वाक्य**

भावका दृष्टिले क्रियापदमा छुट्टै रूप नलिने अथवा वाक्यको सामान्य कथा वा अवधारणा मात्र बुझाउने वाक्यलाई सामान्यार्थक भनिनछ (अधिकारी, २०७५) । कुनै विषयका बारेमा सूचना प्रदान गर्ने वाक्यलाई सामान्यार्थक वाक्य मान्न सकिन्छ । जस्तैः

गीता प्रथम भइन् ।

यस उदाहरणमा गीता प्रथम भएको सामान्य अवधारणा मात्र बुझाउने कार्य भएको देखिन्छ ।

(आ) **प्रश्नार्थक वाक्य**

कसैलाई केही सोधिएको भाव जनाउने वाक्यलाई प्रश्नार्थक वाक्य भनिन्छ ( अधिकारी, २०७१ : २९९) । यस्ता वाक्यहरूमा प्रश्नात्मक अनुतानका साथै विभिन्न प्रकारका

प्रश्नवाचक सर्वनामहरू (को, के, कुन) तथा सर्वनामिकहरू (कस्तो, कति, कता, कहाँ आदि) र त्यस्तै प्रवृत्तिका निपातहरूको प्रयोग हुन्छ । जस्तैः

खाना कत्ति छ ?

यस उदाहरणमा कसैले कसैलाई केही सोधिएको भाव प्रस्तुत भएको छ ।

**(इ) आज्ञार्थक वाक्य**

आज्ञा जनाउन आउने वाक्यलाई आज्ञार्थक वाक्य भनिन्छ । यस वाक्य प्रायः ठूलाले सानालाई आदेश अथवा आज्ञा दिने क्रममा प्रयोग हुन्छ । जस्तैः

तँ घर जा ।

यस उदाहरणमा ठूला मानिसले सानालाई आज्ञा दिने कार्य भएको छ ।

**(ई) विस्मय वाक्य**

आश्चर्य, रिस, खुशी, डाह, दया, माया आदि जस्ता मनका भाव तथा आवेग जनाउने वाक्यलाई विस्मय वाक्य भनिन्छ । यस्ता वाक्यको सुरुवातमा विस्मयादिबोधक चिह्नको प्रयोग गरिन्छ । जस्तैः

आहा ! कत्ति राम्रो फूल ।

यस उदाहरणमा सुरुमा विस्मयादिबोधक चिह्नको प्रयोग र राम्रो लागेको मनको भाव प्रस्तुत भएको छ ।

**(उ) सम्भावनार्थक वाक्य**

निश्चित नभएका कुराको पूर्वानुभाव वा सम्भावना जनाउनेलाई सम्भावनार्थक भनिन्छ (अधिकारी, २०७५) । सम्भावना जनाउने क्रियापद लिने वाक्यहरू यसअन्तर्गत पर्दछन् । जस्तैः

श्यामले कविता लेख्ला ।

यस उदाहरणमा श्यामले भविष्यमा कविता लेख्न सक्छ भनी सम्भावना व्यक्त गर्ने कार्य भएको छ ।

(ऊ) **सङ्केतार्थक वाक्य**

क्रियाहरूका बीच अनुमानात्मक तथा काल्पनिक कारण र कार्य (सङ्केत र साङ्केतित) को स्थिति रहेमा सङ्केतार्थ व्यक्त हुन्छ । यसमा एकभन्दा बढी क्रियाहरू संलग्न रहने हुनाले यसमा दुई उपवाक्यहरू निहित हुन्छन् (अधिकारी, २०७५) । जस्तैः

रामले बोलायो भने म जान्छु ।

यसमा पहिलो उपवाक्य 'रामले बोलायो' - करण, दोस्रो उपावक्य 'म जान्छु' - कार्य ।

## वाक्यगठनका पक्षहरू

(क) **लिङ्ग**

भाले वा पोथी जनाउने व्याकरणिक कोटि वा जाति जनाउने व्याकरणात्मक कोटिलाई लिङ्ग भनिन्छ । लिङ्ग मूलतः नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । यसले नामको खास प्रकृतिलाई जनाउँछ (अधिकारी, २०७५) । नेपाली व्याकरणमा भाले जाति जनाउनेलाई पुलिङ्ग र पोथी जाति जनाउनेलाई स्त्री लिङ्ग गरी जम्मा दुई वटा लिङ्ग व्यवस्था गरिएको छ ।

| स्त्री लिङ्ग | पुलिङ्ग |
|---|---|
| ↓ | ↓ |
| सीता पढ्छे । | राम पढ्छ । |

यी बाहेक मानवेत्तर वस्तुलाई भने पुलिङ्गी क्रियाको प्रयोग गरिएको पाइन्छ ।

(ख) वचन

सङ्ख्या जनाउने व्याकरणिक कोटिलाई वचन भनिन्छ । नेपाली व्याकरणमा एउटा सङ्ख्या जनाउनेलाई एकवचन र दुई वा दुई भन्दा बढी सङ्ख्या जनाउनेलाई बहुवचन गरी जम्मा दुई वटा वचनको व्यवस्था गरिएको पाइन्छ ।

म विद्यालय जान्छु । (एकवचन)

हामी विद्यालय जान्छौँ । (बहुवचन)

मानवीय सङ्ख्येय नामहरू कर्ता बनेमा बहुवचन व्यक्त गर्दा 'हरू' को प्रयोग प्रायः आवश्यक हुन्छ । जस्तैः

शिक्षक आयो - शिक्षकहरू आए ।

यस उदाहरणमा 'हरू' अनिवार्य रहेको देखिन्छ ।

मानवेतर सङ्ख्येय नामहरू कर्ता बनेमा बहुवचन व्यक्त गर्दा 'हरू' वैकल्पिक हुन्छ । जस्तैः

बत्ती बल्यो - बत्ती बले /बत्तीहरू बले (अधिकारी, २०७५) ।

यस उदाहरणमा 'हरू' प्रयोग नहुँदा पनि वाक्य अर्थयुक्त भएको देखिन्छ । त्यसैले यस उदाहरणमा 'हरू' वैकल्पिक रूपमा आएको छ ।

(ग) पुरुष

व्यक्ति सन्दर्भ व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । नेपालीमा वक्तालाई जनाउने प्रथम पुरुष, श्रोतालाई बुझाउने द्वितीय पुरुष र ती दुई भन्दा बाहेक विषयको सन्दर्भ हुने तेस्रो व्यक्तिलाई जनाउने तृतीय पुरुषको रूपमा लिइन्छ । जस्तैः

म घर जान्छु । (प्रथम पुरुष)

तिमी घर जान्छौ । (द्वितीय पुरुष)

ऊ घर जान्छ । (तृतीय पुरुष)

- **प्रथम पुरुष**

प्रथम पुरुषलाई वक्ता सन्दर्भ पनि भनिन्छ । वक्ताका लागि आउने 'म' र 'हामी' ले प्रथम पुरुष जनाउँछन् (अधिकारी, २०७५) । जस्तैः

म गीत गाउँछु ।

हामी खाना खान्छौँ ।

- **द्वितीय पुरुष**

द्वितीय पुरुष श्रोता वक्ताको विषय बन्छ । त्यसैले यसलाई श्रोता सन्दर्भ पनि भनिन्छ (अधिकारी, २०७५) । श्रोताका रूपमा आउने तँ, तिमी, तपाईंले द्वितीय पुरुष जनाउँदछ । जस्तैः

तँ घर जा ।

तिमी घर जाऊ ।

तपाईं घर जानुहोस् ।

- **तृतीय पुरुष**

तृतीय पुरुषमा वक्ता र श्रोता बाहेकको कथ्य विषय व्यक्त हुन्छ । यसलाई अन्य सन्दर्भ पनि भनिन्छ (अधिकारी, २०७५) । यस वाक्यमा कर्ताका रूपमा ऊ, उनी, यी, ती आदिको प्रयोग हुन्छ । जस्तैः

ऊ पढ्छ ।

यी पढ्छन् ।

ती पढ्छन् ।

(घ) **काल**

समय जनाउने व्याकरणिक कोटिलाई काल भनिन्छ । परम्परागत व्याकरणले काललाई भूत, वर्तमान र भविष्यत्  गरी तीन भागमा विभाजन गरिन्थ्यो । व्याकरणको आधारमा हाल भूत र अभूत गरी जम्मा दुई भागमा कालको विभाजन गरिन्छ ।

**भूतकाल**

भूतकालले वितिसकेको कुरालाई जनाउँछ (अधिकारी, २०७५) । वितिसकेको समयमा काम सिद्ध भई सकेको हुनाले भूतकाललाई सिद्ध काल पनि भन्न सकिन्छ । जस्तैः

सीताले कविता लेखी ।

यी वाक्यबाट वक्ताले बोलेको कालमा काम भइसकेको (कविता लेखिसकेको) बुझिन्छ ।

**अभूतकाल**

वितिसकेको समय नबुझाउने काललाई अभूत काल भनिन्छ । काम सिद्ध भइनसकेको जनाउने अभूत काललाई असिद्ध काल पनि भनिन्छ । नेपाली व्याकरणले अभूत काल अन्तर्गत वर्तमान र भविष्यत् गरी दुई काल रहने व्यवस्था गरिएको छ ।

**वर्तमान काल**

वर्तमान कालले अहिलेको समयलाई बुझाउँछ । यस कालमा क्रियाको कार्यव्यापार वा अवस्था प्रारम्भ भइसकेको हुन्छ, तर समाप्त चाहिँ भएको हुँदैन (शर्मा, २०७१) । जस्तैः

हरि गीत गाउँछ ।

यस वाक्यले गाउने कार्यव्यापार थालिएको छ, तर सकिएको छैन भन्ने कुरा बुझाउँछ ।

**भविष्यत काल**

भविष्यत् कालले पछि आउने समयलाई जनाउँछ । यस कालमा कार्यव्यापार वा अवस्था आउँदो समयमा हुने बुझिन्छ (शर्मा, २०७१) । जस्तैः

हरि गीत गाउनेछ ।

यस वाक्यले गाउने कार्यव्यापार पछि आउने समयमा हुने बुझाउँछ ।

**(ङ) आदर**

सम्मान भाव प्रकट गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ (भुसाल, २०७१) । आदर मुख्यतः श्रोता (द्वितीय पुरुष) र अन्य सन्दर्भ (तृतीय पुरुया) मा व्यक्त हुन्छ । आदर क्रियाद्वारा व्यक्त हुन्छ (अधिकारी, २०७५) । विविध भाषाविद् तथा व्याकरणविद्हरूले आदरका विविध तहहरू रहने उल्लेख गरे तापनि नेपाली भाषमा निम्न, मध्यम र उच्च गरी आदरका तीन तहको व्यवस्था भएको पाइन्छ । जस्तैः

तँ घर जा । (निम्न आदर)

तिमी घर जाऊ । (मध्यम आदर)

तपाई घर जानुहोस् । (उच्च आदर)

**(च) पक्ष**

पक्ष क्रियामा व्यक्त हुने व्याकरणात्मक कोटि हो । यस कोटिको सम्बन्ध क्रियाका कालसँग छ (शर्मा, २०७१) । काल भनेको सिङ्गो समयको विभाजन हो भने पक्ष त्यस

समयभित्र घटित कार्यको अवधि वा स्थिति हो । यसको अभिव्यक्ति क्रियापदमा हुन्छ । कालका पक्षलाई यसरी उल्लेख गर्न सकिन्छ :

(१) **भूतकालका पक्षहरू**

**सामान्य पक्ष**

यस पक्षले क्रियाको व्यापार सामान्य रूपमा अगाडि नै भइसकेको जनाउँछ । जस्तैः

देवकोटाले मुनामदन रचना गरे ।

यस उदाहरणमा वितिसकेको समयमा देवकोटाले मुनामदन रचना गरिसकेको सामान्य भाव प्रस्तुत भएको छ ।

**अपूर्ण पक्ष**

यस पक्षले क्रियाको व्यापार वितेका समयमा भइरहेको जनाउँछ । जस्तैः

सीता खाना खाँदैथिई ।

यस उदाहरणमा वितिसकेको समयमा सीताले खाना खाँदै गरेको कार्य व्यापार पूरा भइसकेको कुरा प्रस्तुत भएको छ ।

**पूर्ण पक्ष**

यस पक्षले क्रियाको व्यापार वितेको समयमै सकिएको जनाउँछ । जस्तैः

सीताले खाना खाएकी थिई ।

यस उदाहरणमा वितिसकेको समयमा सीताले खाना पूर्ण रूपमा खाइसकेको कुरा प्रस्तुत भएको छ ।

**अभ्यस्त पक्ष**

यस पक्षले क्रियाका व्यापारको आकृति, नियमितत्तालाई जनाउँछ । जस्तैः

सीता खाना खान्थी ।

यस उदाहरणमा वितिसकेको समयमा सीताले खाना नियमित रूपमा खाने अर्थात् खाना खानामा अभ्यस्त हुने कुरा प्रस्तुत भएको छ ।

**अज्ञात पक्ष**

यस पक्षले क्रियाको व्यापार वितेको समयमा थाहै नपाई भइसकेको तर हाल (अहिले) थाहा भएको जनाउँछ । जस्तैः

सीताले खाना सकी छे ।

यस उदाहरणमा वितिसकेको समयमा नै सीताले खाना खाइसकेको र त्यसको जानकारी हाल मात्र भएको कुरा प्रस्तुत भएको छ ।

२. **अभूतकालका पक्षहरू**

नेपाली क्रियाको अभूत कालका तीनवटा पक्षहरू छन् :

**सामान्य पक्ष**

(अ) **सामान्य वर्तमान**

यसले कथन कालमा कार्य हुने पक्षलाई बुझाउँछ । यसले क्रियाको व्यापार अहिले हुने तर त्यो पूरा हुनु र नहुनु चाहिँ जनाउँदैन । जस्तैः

ऊ खाना खान्छ ।

यस उदाहरणमा उसले खाना खान्छ भन्ने सामान्य जानकारी मात्र दिइएको छ ।

(आ) सामान्य भविष्यत्

यसले क्रियाको व्यापारमा पछि आउने समयमा निश्चय नै हुने जनाउँछ। जस्तैः

भरे यहाँ रमाइलो हुनेछ।

यस उदाहरणमा भरे रमाइलो हुने कुरा निश्चित भएको छ।

अपूर्ण पक्ष

(अ) अपूर्ण वर्तमान

यसले कथनकल्प कार्य हुँदै गरेको पक्षलाई बुझाउँछ। यसले क्रियाको व्यापार अहिले भइरहेको जनाउँछ। जस्तै :

राम खाना खाँदै छ।

यस उदाहरणमा रामले खाना अहिले खाँदै गरेको र पूरा नभएको कुरा प्रस्तुत भएको छ।

(आ) अपूर्ण भविष्यत्

यस पक्षले क्रियाको व्यापार आउँदो समयमा भइरहेको जनाउँछ। जस्तैः

तिमी आउँदा म कविता लेखिरहनेछु।

यस उदाहरणमा तिमी आउँदा भन्ने आउँदो समयमा मैले कविता लेख्दै गरेको तर पूर्ण भइनसकेको कुरा प्रस्तुत भएको छ।

पूर्ण पक्ष

(अ) **पूर्ण वर्तमान**

यसमा क्रियाको कार्य व्यापार अघि नै सकिएको, तर यसको प्रभाव चाहिँ अहिले पनि रहेको जनाउँछ । जस्तै :

मैले उसको घर देखेको छु ।

यस उदाहरणमा घर पहिले नै देखिसकेको तर त्यसको प्रभाव अहिले पनि भइरहेको प्रस्तुत भएको छ ।

(आ) **पूर्ण भविष्यत्**

यस पक्षले क्रियाको व्यापार आउँदो समयमा पूरा हुने जनाउँछ । जस्तैः

त्यतिखेर मेरो भाइ सुतेको हुनेछ ।

यस उदाहरणमा आउँदो समयमा भाइ सुत्ने काम भइसकेको हुने कुरा प्रस्तुत भएको छ ।

(छ) **भाव**

क्रियाको वास्तविक अर्थसँगै वक्ता वा लेखकको अभिवृत्ति समेत प्रकट गर्ने क्रियारूपलाई भाव भनिन्छ । भाव क्रियामा व्यक्त हुने व्याकरणात्मक कोटि हो । यस कोटिले क्रियाका व्यापारको सम्बन्ध निश्चय, अनिश्चय, आवश्यकता, सम्भवना, बिन्ती, इच्छा, आज्ञा, सङ्केत आदि अभिवृत्तिसँग जोड्छ । नेपालीमा भावका प्रकार निम्न छन् : (शर्मा, २०७१)




**१. सामान्यार्थक भाव**

वक्ता वा लेखकको सामान्य वृत्ति वा निश्चय बुझाउने क्रियापदलाई सामान्यार्थक भनिन्छ । जस्तैः

म कविता लेख्छु । (निश्चित रूपमा लेख्छु)

**२. विध्यर्थक भाव**

- आज्ञार्थक भाव : वक्ता वा लेखकको आज्ञा, आदेश आदि अन्य कसैबाट सम्पादन गर्ने क्रियाव्यापार रहेको भावलाई आज्ञार्थक भाव भनिन्छ । जस्तैः तिमी घर जाऊ ।
- इच्छार्थक भाव : वक्ताको अनुसन्धेय, बिन्ती, इच्छा आदि वृत्ति बुझाउने भावलाई इच्छार्थक भनिन्छ । यसको प्रयोग अभूतकालमा हुन्छ । जस्तैः श्यामले कविता लेखोस् ।

**३. अनिश्चयार्थक भाव**

- सम्भावनार्थक भाव : यसले सम्भावना, अड्कल आदि भाव बुझाउँछ । जस्तैः भरे पानी पर्छ होला ।

- सङ्केतार्थक भाव : क्रियाको व्यापार अवास्तविक र असाध्य छ भने बुझाउने भावलाई सङ्केतार्थक भनिन्छ । यो मिश्र वाक्यको भूत र अभूत कालमा हुन्छ । जस्तैः पानी पऱ्यो भने बाली सप्रन्छ ।

## (ज) वाच्य

वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) मध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ । यो मुख्यतः क्रियाशील सम्बन्धित भएर व्यक्त हुन्छ । वाक्यतत्वको प्रधानताका आधारमा नेपालीमा वाच्यहरू तीन किसिमका मानिन्छन् : कर्तृवाच्य, कर्मवाच्य, भाववाच्य (अधिकारी, २०७५) ।

### कर्तृवाच्य

वाक्यमा कर्ता प्रधान वा वाच्य भई प्रयोग हुने व्याकरणात्मक युक्तिलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्यको प्रयोग अकर्मक, सकर्मक दुबै क्रियाहरूमा हुन्छ । जस्तैः

म भोली यहीँ बस्छु । (अकर्मक)

श्यामले हरीलाई पिट्यो । (सकर्मक)

### कर्मवाच्य

वाक्यमा कर्म प्रधान भई प्रयोग हुने व्याकरणात्मक युक्तिलाई कर्मवाच्य भनिन्छ । सकर्मक क्रियामा आउने कर्मलार्य कर्ताका रूपमा स्थापित गरी वाक्य प्रस्तुत गरिएमा कर्मवाच्य हुन्छ । जस्तैः

श्यामद्वारा राम पिटियो ।

### भाववाच्य

वाक्यमा  क्रिया वा क्रियाको भावको प्रधानता रहने युक्तिलाई भाववाच्य मानिन्छ । यस्तो स्थिति अकर्मक क्रियामा देखिन्छ । जस्तैः

(मद्वारा) भोली यही बसिन्छ ।

(झ) ध्रुवीयता

करण र अकरण दुई व्यतिरकी ध्रुव हुन् । वाक्यको यस करण अकरण व्यवस्थालाई ध्रुवीयता भनिन्छ । अनिषेधात्मक वाक्यलाई (न) द्वारा निषेधात्मक तुल्याउने प्रक्रियालाई अकरण भनिन्छ भने निषेधात्मक वाक्यलाई (न) झिकेर अनिषेधात्मक तुल्याउने प्रक्रियालाई करण भन्दछन् । जस्तैः

| करण | अकरण |
|---|---|
| यो कलम राम्रो छ । | यो कलम राम्रो छैन । |

## वाक्यगठन शिक्षणको आवश्यकता

भाषा मानवीय विचार तथा भावना र अनुभवहरूको आदान प्रदान गर्ने सबैभन्दा उत्कृष्ट र सशक्त माध्यम हो । भाषालाई जीवन्तता दिने काम वाक्यले गर्दछ । ध्वनि, वर्ण, शब्द र पदावलीलाई भाषिक रूप दिने प्रक्रिया वाक्यगठन हो भने तिनीहरूको उचित प्रयोग गर्न सक्नु क्षमता हो । यसरी वाक्य निर्माण गर्दा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य आदि वाक्यगठनका आधारभूत तत्त्वहरूलाई सङ्गतिपूर्ण रूपमा वाक्यनिर्माण गर्न सक्ने क्षमतालाई वाक्यगठन क्षमता भनिन्छ । वाक्यगठन विद्यार्थीहरूको भाषिक स्तर पहिचान गराउने एक महत्त्वपूर्ण पक्ष हो । त्यसैले दैनिक जीवनका भाषिक व्यवहारमा उपयुक्त ढङ्गले वाक्यको प्रयोग गर्न सक्ने हुन वाक्यगठन शिक्षणको आवश्यक छ ।

वाक्यहरूको सङ्गतिपूर्ण निर्माण नै वाक्यगठन हो । वाक्य निर्माण वा वाक्यगठनमा शब्दहरूलाई व्याकरणिक नियमअनुसार राख्नु पर्दछ । वाक्यगठनका दृष्टिले स्तरीय भाषाको प्रयोगमा अशुद्ध बोल्ने र लेख्ने प्रवृत्ति प्रशस्त पाइन्छ । यो समस्या समाधानका लागि प्रभावकारी र उपयुक्त वाक्यगठनसम्बन्धी सीपको शिक्षण हुनु जरुरी छ । भाषालाई ग्रहण

अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण, आशयपूर्ण, स्तरीय, मानक र प्रभावकारी बनाउन सोही अनुरूप वाक्यको उपयोग गर्ने सीप हासिल गराउन वाक्यगठन क्षमता वृद्धि गर्न वाक्यगठन शिक्षणको आवश्यक हुन्छ ।

वाक्यगठन शिक्षणका आवश्यकतालाई निम्न बुँदामा देखाइएको छ :

- वाक्यगठनको आधारभूत कुराप्रति जानकारी गराउन,
- विद्यार्थीहरूले आफ्ना वातावरणबाट सिकेका भाषामा पाइने त्रुटिहरू निराकरण गर्न,
- शिष्ट, औचित्यपूर्ण र मानक भाषाको प्रयोग गर्न,
- वाक्यगठनमा पाइने अशुद्धि निराकरण गर्न,
- वाक्यगठनका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, आदर आदिको बारेमा जानकारी प्रदान गरी उपयुक्त वाक्यगठन गराउन ।

**निष्कर्ष**

भाषा विचार विनमियको सशक्त माध्यम हो भने वाक्य भाषाको सबैभन्दा सानो अर्थयुक्त एकाइ हो । त्यसैले वाक्य विना भाषा अकल्पनीय हुन्छ । भाषा सम्प्रेषणका लागि उपयुक्त वाक्यगठनको आवश्यकता पर्दछ । भाषालाई स्तरीय, मानक, सुबोध्य र अर्थयुक्त बनाउन सबैभन्दा पहिले वाक्यगठन गर्न आवश्यक हुन्छ । लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष आदि जस्ता वाक्यका आधारभूत तत्त्वहरू उपयुक्त र सङ्गतिपूर्ण रूपमा प्रयोग गरी वाक्यलाई सार्थक र सन्दर्भपरक बनाउन सकिन्छ । त्यसैले वाक्यगठनमा यी तत्त्वहरूलाई ध्यानमा राखिनु पर्दछ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

जुनसुकै कार्य सम्पन्न गर्नका लागि विधि अपरिहार्य मानिन्छ । विधिको छनोट गर्दा अध्ययनको उद्देश्यलाई मध्यनजर गर्नुपर्दछ । विधिको प्रयोगबाट कुनै पनि कार्यलाई सरल, सहज, व्यावहारिक र प्रामाणिक बनाउन सकिन्छ (अधिकारी, २०७३) । अनुसन्धानमा देखिएका समस्याहरूलाई सहज रूपमा समाधान गर्दै अध्ययनलाई प्रभावकारी रूपमा सम्पन्न गर्न विधि अत्यावश्यक हुन्छ । विधिहरूको प्रयोग गर्दा प्रत्येक समस्याको उद्देश्यअनुरूप फरक फरक विधिको प्रयोग गर्नुपर्दछ । जसबाट उक्त कार्य प्रामाणिक र व्यावहारिक हुन्छ । शोधविधिअन्तर्गत जनसङ्ख्या तथा प्रतिनिधि नमुना, सामग्री निर्माण, पूर्व परीक्षण, तथ्य सङ्कलन र व्याख्या विश्लेषण जस्ता कुराहरू महत्त्वपूर्ण पक्ष हुन् । शीर्षकको आधारमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि, क्षेत्रीय अध्ययन विधि वा मिश्रित विधिको प्रयोग गर्न सकिन्छ । तथ्याङ्क सङ्कलन गर्दा तथ्याङ्क शब्दगत रूपमा आएमा त्यसलाई गुणात्मक अनुसन्धान भनिन्छ भने तथ्याङ्क सङ्कलन गर्दा तथ्याङ्क साङ्ख्यिकीय रूपमा आएमा त्यस्तो अनुसन्धानलाई परिमाणात्मक अनुसन्धान भनिन्छ । प्रस्तुत शोधकार्य वाक्यगठन क्षमताको अध्ययनको तथ्याङ्क सङ्ख्यागत रूपमा आउनाले यस अध्ययनको ढाँचा परिमाणात्मक ढाँचा हो ।

## जनसङ्ख्या

प्रस्तुत शोध काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको पहिचानमा केन्द्रित रहेको छ । त्यसैले काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू यस अध्ययनको जनसङ्ख्याको रूपमा रहेका छन् ।

## नमुना छनोट प्रक्रिया

काभ्रे जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुबाट सम्पूर्ण विद्यार्थीको प्रतिनिधित्व हुने किसिमले उक्त जिल्लाका ४ वटा सामुदायिक विद्यालयका ४० जना र ४ वटा संस्थागत विद्यालयका ४० जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ। यस शोधकार्यका लागि नमुना छनोटका प्रकारहरूमध्ये सम्भावना नमुना छनोट विधिबाट छनोट गरिएको छ। जसले गर्दा अध्ययनमा सहभागी नमुना पक्षपातरहित हुने अवसर प्राप्त हुन्छ। सम्भावनायुक्त नमुना छनोटअन्तर्गत पनि चिट्ठाप्रणालीबाट नमुना छनोट गरिएको छ। नमुना छनोट गरिने क्रममा भाषिक पृष्ठभूमि र लैङ्गिकतालाई ध्यानमा राखी नमुना छनोट गरिएको छ।

## तथ्याङ्क सङ्कलनका स्रोतहरू

अनुसन्धानमा अनुसन्धानकर्ताले सङ्कलन गरेको प्रमाण, सूचना, आँकडा वा सङ्ख्यालाई तथ्याङ्क भनिन्छ। अनुसन्धानकर्ताले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन्। अनुसन्धान गर्नुपूर्व तथ्याङ्क सङ्कलनका स्रोतहरू पत्ता लगाउनु पर्दछ। अनुसन्धानमा तथ्याङ्क सङ्कलनका प्राथमिक र द्वितीयक सोत गरी जम्मा दुई वटा स्रोत हुन्छ। प्रस्तुत शोधमा यी दुबै स्रोतहरूको प्रयोग गरिएको छ।

### (क) प्राथमिक स्रोत

अनुसन्धानकर्ता आफैले सम्बन्धित क्षेत्रमा गई पहिलो पटक सङ्कलन गरेको सामग्रीलाई प्राथमिक स्रोतबाट प्राप्त सामग्री भनिन्छ। जुन ठाउँबाट अनुसन्धानकर्ताले आफ्नै प्रयासमा विभिन्न साधनहरूको उपयोग गरी सामग्री प्राप्त गर्छ त्यस्तो स्रोतलाई प्राथमिक स्रोत भनिन्छ (भट्टराई, २०७३)। प्रस्तुत शोधमा काभ्रे जिल्लाका ४ वटा सामुदायिक र ४

वटा संस्थागत विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूबाट लिखित परीक्षा लिई सङ्कलन गरिएका सामग्रीहरू नै प्राथमिक स्रोतबाट प्राप्त सामग्रीहरू हुने छन् ।

(ख) **द्वितीयक स्रोत**

अन्य अनुसन्धानकर्ता, व्यक्ति वा संस्थाले सङ्कलन गरेका सामग्रीबाट लिइने सामग्री द्वितीयक स्रोतबाट प्राप्त सामग्री हुन् । प्राथमिक स्रोतबाट प्राप्त  सामग्री सङ्कलन गर्दा अपुग भएको अवस्थामा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिन्छ (भट्टराई, २०७३) । प्रस्तुत शोधमा द्वितीयक स्रोतअन्तर्गत विभिन्न शोधपत्र, पत्रपत्रिका, वाक्यगठनसँग सम्बन्धित सन्दर्भ, पुस्तकहरू आदिलाई लिइएको छ ।

## सामग्री निर्माण

प्रस्तुत अध्ययनमा विद्यार्थीहरुको वाक्यगठन क्षमताको अध्ययनका लागि सामग्री सङ्कलन गरिने भएकाले त्यसैअनुसार सामग्री निर्माण गर्ने कार्य गरिएको छ । वाक्यगठनका आधारभूत तत्त्वहरु लिङ्ग, वचन, पुरुष, काल, भाव,पक्ष, वाच्य, आदर र ध्रुवीयतालाई समावेश गरी तत्सम्बन्धी प्रश्नहरु निर्माण गरिएको छ । यस क्रममा ३० वटा वस्तुगत, १० वटा निर्देशित र १ वटा स्वतन्त्र लेखनका प्रश्नहरु गरी जम्मा ५० पूर्णाङ्कको प्रश्न तयार पारिएको छ । समयको निर्माण गर्ने क्रममा पूर्वपरीक्षणलाई आधार मानिएको छ ।

## पूर्वपरीक्षण

कुनै पनि अध्ययनको उद्देश्य पूरा गर्नका लागि तयार पारिएका प्रश्नावली उपयुक्त छ कि छैन ? के त्यस प्रश्नावली विद्यार्थीहरूको स्तर र क्षमताअनुसार छ ? वा परिमार्जन गर्न जरुरी छ ? के त्यस प्रश्नावलीका लागि निर्धारण गरिएको समय उपयुक्त छ ? भनी जान्न वा उपयुक्त प्रश्नहरू छनोट गर्न र उपयुक्त समय निर्धारण गर्न प्रतिनिधि समूहमा प्रश्नावली दिई पूर्व परीक्षण गर्न जरुरी हुन्छ । तसर्थ पूर्वपरीक्षणबाट प्राप्त नतिजा विश्लेषणको

आधारमा उपयुक्त प्रश्नहरूको छनोट गरी परीक्षणको लागि अन्तिम स्वरूप दिन १० जना विद्यार्थीहरूमा पूर्वपरीक्षण गरिएको छ। पूर्व परीक्षणका लागि काठमाडौँ जिल्ला, कलङ्कीमा रहेको ज्ञानोदय मा.वि.लाई लिइएको छ। पूर्व परीक्षण गर्दा कुनै विद्यार्थीलाई उत्तर लेख्न ४५ मिनेट कुनै विद्यार्थीलाई १ घण्टा र कुनै विद्यार्थीलाई १ घण्टा १५ मिनेट लागेको हुँदा परीक्षणका लागि विद्यार्थीहरूको समय १ घण्टा निर्धारण गरिएको छ। वाक्यगठनका आधारभूत तत्त्वहरू मध्येको पुरुषगत प्रश्न कठिन देखिएको हुँदा त्यसलाई पनि परिमार्जन गरिएको छ।

## तथ्याङ्क सङ्कलन पद्धति

प्रस्तुत शोधमा काभ्रे जिल्लाका ४ सामुदायिक र ४ संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थी गरी जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि विद्यार्थीका रूपमा लिएर सामग्री सङ्कलन गरिएको छ। अध्ययन गर्ने क्रममा ३० वटा वस्तुगत, १० वटा निर्देशित र १ वटा स्वतन्त्र लेखनका प्रश्नहरू दिई लिखित परीक्षाद्वारा सामग्री सङ्कलन गरिएको छ। विद्यार्थीहरूलाई प्रश्नको उत्तर लेख्नु अघि उत्तरपुस्तिकाको शीरमा नाम, ठेगाना, विद्यालयको नाम, कक्षा, रोल नं. आदि स्पष्ट रूपमा लेख्न लगाइएको छ। समय निर्धारण गर्न नमुना परीक्षणलाई आधार मानिएको छ। परीक्षा लिँदा वस्तुगत परीक्षामा बहुवैकल्पिक र खाली ठाउँ भर्ने, निर्देशित प्रश्नमा शब्दहरू दिई वाक्यमा प्रयोग गर्न लगाउने र स्वतन्त्र लेखनअन्तर्गत १० वाक्यमा साथीको बारे वर्णन गर्न लगाउने प्रश्न दिई सामग्री सङ्कलन गरिएको छ।

## व्याख्या–विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत शोध वस्तुगत, निर्देशित र स्वतन्त्र लेखन गरी तीन प्रकारका प्रश्नावली तयार पारेर तथ्याङ्क सङ्कलन गरिएको छ। काभ्रे जिल्लाका प्रतिनिधि विद्यालयका प्रतिनिधि

विद्यार्थीहरूलाई प्रश्नावली दिई लिखित परीक्षाबाट सामग्री सङ्कलन गरिएको छ । उक्त परीक्षामा विद्यार्थीहरूले गरेका त्रुटिहरूको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गरिएको छ । उक्त नतिजा वा तथ्याङ्क व्याख्या विश्लेषण गर्न पुस्तकालयीय विधिको प्रयोग, विभिन्न भाषाविद्हरूको लेख/कृतिहरूको अध्ययन, आधिकारिक व्याकरण पुस्तकहरूको अध्यन र शोधनिर्देशकको राय सुझाव लिइएको छ । यसरी विश्लेषण गर्दा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, आदर, वाच्य र ध्रुवीयता जस्ता वाक्यगठनका आधारभूत तत्त्वहरूलाई आधार मान्दै प्रत्येक विद्यालयका विद्यार्थीहरूले गरेका त्रुटिहरूका आधारमा वाक्यगठनमा भएका त्रुटिहरूलाई अध्ययन गर्दै व्याख्या विश्लेषण गरी विद्यार्थीहरूको वाक्यगठन क्षमताको पहिचान गरिएको छ । तथ्याङ्कहरूको विश्लेषण गर्दा मध्यमान निकाल्नाले अध्ययन विश्वसनीय र वैध हुने हुनाले यस अध्ययनमा मध्यमान निकाली तथ्याङ्क विश्लेषण गरिएको छ । जसका लागि मध्यमानको सूत्र $\overline{X} = \frac{\Sigma X}{N}$ राखी मध्यमान निकालिएको छ र प्राप्त नतिजालाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ । यसका साथै विद्यार्थीको क्षमता प्रतिशत समेत निकाली तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रमा सङ्कलन गरिएका तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा समग्र विद्यार्थीको तथ्याङ्क विश्लेषण गर्दा विद्यार्थीहरूले दिएका परीक्षाको नतिजाको आधारमा चार श्रेणी अर्थात् वर्गमा अङ्क विभाजन गरी तालिकामा प्रत्येक श्रेणीमा पर्ने विद्यार्थी सङ्ख्या र क्षमता प्रतिशतलाई प्रस्तुत गरिएको छ । जसमा १ देखि २० अङ्कसम्म ल्याउने विद्यार्थी कमजोर, २१ देखि ३० अङ्कसम्म ल्याउने विद्यार्थी निम्न, ३१ देखि ४० अङ्क ल्याउने विद्यार्थी मध्यम र ४१ देखि ५० अङ्क ल्याउने विद्यार्थीलाई उत्कृष्ट वर्गमा वर्गीकृत गरिएको छ । त्यसैगरी व्याकरणिक तत्त्वहरूका आधारमा पनि प्रत्येक व्याकरणिक तत्त्व अथवा प्रत्येक व्याकरणिक कोटि (लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, आदर, ध्रुवीयता) का आधारमा पनि

समग्र विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको छ । यसमा प्रत्येक कोटिगत प्रश्नमा कुनै पनि प्रश्न नमिलाउने विद्यार्थी सङ्ख्या र कति कति वटा प्रश्न मिलाउने विद्यार्थी सङ्ख्याका आधारमा विद्यार्थी क्षमता प्रतिशत समेत तालिका र स्तम्भ चित्रमा प्रस्तुत  गरिएको छ ।

समग्र विद्यार्थीको तथ्याङ्क विश्लेषण गर्ने क्रममै  निर्देशित प्रश्न र स्वतन्त्र २० अङ्कलाई पूर्णाङ्क मानी त्यसमा पनि चार वर्ग वा श्रेणीमा अङ्कलाई विभाजन गरी विद्यार्थीहरूलाई चार वर्गमा वर्गीकृत गरिएको छ । जसमा ० देखि ५ अङ्क ल्याउने कमजोर, ६ देखि १० अङ्क ल्याउने निम्न, ११ देखि १५ अङ्क ल्याउने मध्यम र १६ देखि २० अङ्क ल्याउने विद्यार्थीलाई उत्कृष्ट वर्गमा वर्गीकृत गरिएको छ ।

प्रस्तुत शोधपत्रमा विद्यालय प्रकृतिका आधारमा, लैङ्गिकताका आधारमा र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्नका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई विश्लेषण गरिएको छ । जहाँ सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान, छात्र र छात्राको मध्यमान, नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी विद्यार्थीको छुट्टाछुट्टै मध्यमान निकाली तुलना गर्दै तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रमा तथ्याङ्क विश्लेषण गर्ने क्रममा विद्यार्थीहरुको समग्र वाक्यगठन क्षमतालाई तालिका नं. १ देखि तालिका नं. १२ सम्म र स्तम्भ चित्र नं. १ देखि स्तम्भ चित्र नं. १० सम्म प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## वाक्यगठन क्षमताको विश्लेषण

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूले वाक्यगठनमा नौवटा तत्त्वमा गरेका त्रुटिलाई आधार मानी विद्यार्थीहरूको वाक्यगठन क्षमताको विश्लेषण गरिएको छ । जसमा ८० जना विद्यार्थीहरूमध्ये जम्मा कति जनाले सही उत्तर दिए र कति जनाले गलत उत्तर दिए भनी उत्तर पुस्तिका परीक्षण गरेर विद्यार्थी सङ्ख्या र क्षमता प्रतिशत पत्ता लगाई सोको तालिकीकरण गरिएको छ । विद्यार्थीहरूले वाक्यगठनमा के कस्ता गल्ती गरे तिनीहरूको लिङ्गगत, वचनगत, पुरुषगत, कालगत, भावगत, पक्षगत, आदरगत, वाच्यगत र ध्रुवीताका आधारमा विश्लेषण तल गरिएको छ :

## विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमता

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूको वाक्यठनका नौवटा पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, आदर, वाच्य र ध्रुवीयतालाई वाक्यगठन क्षमताको आधार बनाइएको छ । यहाँ समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ । यस क्रममा विद्यार्थीहरूलाई कमजोर, निम्न, मध्यम र उत्कृष्ट गरी चार वर्गमा वर्गीकृत गरिएको छ ।

तालिका १

*समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन*

| कुल विद्यार्थी सङ्ख्या | १-२० | | २१-३० | | ३१-४० | | ४१-५० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १५ | १८.७५ | १९ | २३.७५ | २८ | ३५ | १८ | २२.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

